## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरण :-

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्र.केशव वहादुर सुनार समेत (वि.अ. को मु.नं. ०७९-CR-०१०७), वि.अ. को फैसला मिति २०८०।०९।२६ | गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको | **केशव बहादुर सुनार, ऐ. नगरपालिकाका तत्कालीन ईन्जिनियर बसन्त रोकाया र ऐ.नगरपालिकाका तत्कालीन सव-ईन्जिनियर विकास खत्रीको हकमाः** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) वमोजिमको कसूर भएकोले प्रतिवादीहरु ठुलीभेरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव बहादुर सुनार, ऐ.नगरपालिकाका तत्कालीन ईन्जिनियर बसन्त रोकाया र ऐ.नगरपालिकाका तत्कालीन सव-ईन्जिनियर विकास खत्रीलाई उल्लेखित कसूरमा विगो रु.३२,२९,२७२।७३(बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैया त्रिहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद तथा जरिवानाको सजाँय हुन मागदावी लिइएको छ। उल्लेखित विगो रकम रु.३२,२९,२७२।७३ (बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैयाँ त्रिहत्तर पैसा) मध्ये रु.१९,८६,५७५।-(उन्नाइस लाख छयासी हजार पाँच सय पचहत्तर) सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति २०७८/०४/३१ गते जम्मा गरिसकेको देखिदा बाँकी रहेको विगो रकम रु.१२,४२,६९७।७३(बाऱ्ह लाख बयालिस हजार नौ सय सन्तानब्बे रुपैया त्रियत्तर पैसा) निज प्रतिवादीहरुबाटै ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन मागदावी लिईएको छ। साथै निज प्रतिवादीहरु मध्ये फिल्डमा निर्माण भएको भन्दा रु.३२,२९,२७२।७३ (बत्तिस लाख उनन्तिस हजार दुई सय बहत्तर रुपैयाँ त्रिहत्तर पैसा) बराबरको कार्यसम्पन्न प्रतिबेदनमा बढी काम | फैसल<br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट प्रतिवादीहरु उपरको अभियोजित आरोप स्थापित हुन नसकेको अवस्था देखिएकोले प्रतिवादीहरु केशव बहादुर सुनार समेतले आरोपित कसुरबाट सफाई पाउने ठहरी विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।०९।२६ मा फैसला भएको अवस्था छ।<br><br>**विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः**<br><br>(क) प्रस्तुत मुद्दामा ०७४/०७५ सालको ट्रयाक खोल्ने बाटो ०७७/०९/१२ मा मात्र नापी गरिदा कामको अन्य परिमाणमा फरक आउने अबस्था स्वभाविक हुने र बढी भुक्तानी लिएको रकम नगरपालिकाको राजश्व खातामा उपभोक्ता समितिले दाखिला गरिसकेको हुँदा प्रतिवेदनको आधारमा मात्र प्रतिवादीहरु उपरको अभियोजित आरोप स्थापित गर्न मिल्ने अवस्था नरहेको।<br>(ख) करिब तीन वर्ष पछि प्राविधिक रुपमा नापजाच गर्दा | क) मुद्दामा ठुलीभेरी नगरपालिका वडा नं.५, ६ र ७ स्थित जुफाल-माझफाल मोटर बाटो निर्माण कार्यको वास्तविक भएको काम भन्दा बढी काम भएको अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी रकम रु.३२,२९,२७२।७३(बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैयाँ त्रिहत्तर पैसा) बढी भुक्तानीको लागि सिफारिस गरेको, नापी किताव र कार्यसम्पन्न प्रतिबेदन तत्कालीन प्रमाणित गरी बदनियतपूर्वक तरिकाले बढि भुक्तानी गरी ठुलीभेरी नगरपालिकालाई हानीनोक्सानी पुऱ्याएको देखिएकोले प्रतिवादीहरुलाई आरोपदाबी बमोजिम कसूर कायम गरी सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला वदर गरीपाउँ ।<br>ख) प्रतिवादीहरुले उपभोक्ता समितिलाई वढी भुक्तानी दिने वदनियतपूर्ण उद्धेश्यवाट प्रेरित भई फिल्डमा भएको वास्तविक काम भन्दा वढी नापी कितावमा उल्लेख गरी रु.३२,२९,२७२।७३(बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैयाँ त्रिहत्तर पैसा) वरावरको काम नै नभएको रकम उपभोक्ता समितिको खातामा भुक्तानी दाखिल गरेको तथ्य मिसिल संलग्न नापी किताव समेतवाट प्रमाणित भएको देखिन्छ। प्रस्तुत मुद्दामा उजुरी परी अनुसन्धान शुरु भएपश्चात रु.१९,८६,५७५।-(उन्नाइस लाख छयासी हजार पाँच सय पचहत्तर)रुपैया दाखिल गरेको तथ्य समेत पुष्टि भएको छ। वढी भुक्तानी भएको रकम रु.३२,२९,२७२।७३(बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैयाँ त्रिहत्तर पैसा) मध्ये रु.१९,८६,५७५।-(उन्नाइस लाख छयासी हजार पाँच सय पचहत्तर) सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति २०७८/०४/३१ गते जम्मा गरिसकेको देखिदा बाँकी रहेको विगो रकम रु.१२,४२,६९७।७३(बाऱ्ह लाख बयालिस हजार नौ सय सन्तानब्बे रुपैया त्रियत्तर पैसा) कायम गरी निज प्रतिवादीहरु उपर अभियोगपत्र दायर भएकोमा उक्त रकम यि प्रतिवादीहरुले दाखिल गरेको अवस्था छैन भने सो रकम वापतको काम भएको अवस्था पुष्टी हुन आएको पनि देखिदैन। करिब तीन वर्ष पछि प्राविधिक रुपमा नापजाच गर्दा वर्षाका कारण सो बाटो भत्किन सक्ने, पुरिन सक्ने, कतै वर्षातको पानीले पहिरिन वा साँगुरिन सक्ने हुँदा Ordinary soil cutting, B.M. soil cutting, Soft rock cutting, Medium rock cutting र Hard rock cutting तर्फको परिणाममा केही फरक पर्न सक्ने सम्भावना नजरअन्दाज गर्न नमिल्ने भन्ने विशेष अदालतको फैसलाको आधारलाई मध्यनजर गर्दा पनि उक्त निर्माण स्थलमा वर्षाको कारण पहिरो जाने भत्कने समेतको कार्यवाट नोक्सानी भएको भन्ने तथ्य पुष्टी हुने कुनै प्रमाण पेश हुन सकेको पनि देखिदैन । दैविक प्रकोप परेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको भनी ऐ. नगरपालिकाका तत्कालीन सव-ईन्जिनियर विकास खत्री र तत्कालीन ईन्जिनियर बसन्त रोकायाले गलत नापी किताव, अन्तिम विल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव वहादुर सुनारले उक्त योजनाको कार्य सम्पन्न भए नभएको एकीन नगरी फिल्ड निरिक्षण समेत नगरी उक्त कार्य सम्पन्न प्रतिबेदन समेतलाई प्रमाणित गरी सोही अन्तिम विलको आधारमा रु.३२,२९,२७२।७३(बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैया त्रिहत्तर पैसा) बढि भुक्तानी समेत गरेको देखिदा निज प्रतिवादीहरुले उल्लेखित योजनामा बढी भुक्तानी गर्ने उद्देश्यले गलत प्रतिवेदन पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको समेत कसूर गरेको हुँदा निज प्रतिवादीहरु केशव बहादुर सुनार, बसन्त रोकाया र विकास खत्रीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन मागदावी रहेको देखिन्छ।<br>**ख)कर्ण बहादुर रोकाया, काली सार्की, टोप बहादुर चनको हकमाः**<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी रहेको देखिन्छ।<br>**ग)प्रचण्ड विक्रम शाही, कोषाध्यक्ष सुना कामी र सचिव टोप वहादुर शाहीको हकमाः**<br>भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको देखिएकोले उक्त रकम रु.३२,२९,२७२।७३(बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैया त्रिहत्तर पैसा) लाई बिगो कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को | वर्षाका कारण सो बाटो भत्किन सक्ने, पुरिन सक्ने, कतै वर्षातको पानीले पहिरिन वा साँगुरिन सक्ने हुँदा Ordinary soil cutting, B.M. soil cutting, Soft rock cutting, Medium rock cutting र Hard rock cutting तर्फको परिणाममा केही फरक पर्न सक्ने सम्भावना नजरअन्दाज गर्न नमिल्ने। | तथ्य उल्लेख गरी प्रतिवादीहरुले निवेदन दिएको रेकर्ड अभिलेख गरेको अवस्था समेत देखिदैन । यसरी दैवी प्रकोप परी क्षति भएको तथ्य प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणवाट नदेखिएको अवस्थामा केवल अनुमानको आधारमा मात्र दैविक प्रकोपको आधार जनाई प्रतिवादीहलाई सफाई दिनेगरी भएको फैसला त्रुटीपूर्ण रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरी पाउ।<br>ग) प्रतिवादीहरुको बदनियत भन्ने शब्दले कुनै काम गर्दा पछाडिको नराम्रो उद्देश्य वा गलत मनसायलाई बुझाउँछ। यसको अर्थ कुनै काम गर्दा सतही रूपमा देखिने कुराभन्दा फरक, लुकेको र हानिकारक उद्देश्य हुनुपर्ने र यसमा कुनै कामलाई क्षति पुर्‍याउने मनसाय अरूलाई ठग्ने वा फाइदा लिन खोज्ने मनसाय कानुन विपरीतको काम गर्ने मनसाय वा अरूलाई हानि पुऱ्याउने मनसाय रहे भएको भन्ने अवस्थालाई वुझाउँछ प्रस्तुत मुद्दामा निर्माण कार्यको वास्तविक भएको काम भन्दा बढी काम भएको अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी रकम रु३२.,२९,२७२।७३ बत्तिस लाख उननतिस हजार दुई सय) बहत्तर रुपैयाँ त्रिहत्तर पैसाबढी भुक्तानीको लागि सिफारिस ( गरेको, नापी किताव र कार्यसम्पन्न प्रतिबेदन तत्कालीन प्रमाणित गरी बदनियतपूर्वक तरिकाले बढि भुक्तानी गरी ठुलीभेरी नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएको देखिरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नदेखिएको भन्ने आधार ग्रहण गरी आरोपित कसूरवाट सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी छ ।<br>घ)प्रतिवादीहरुले नापी कितावमा वढी काम गरेको देखाई भुक्तानी दिएको रु.३२,२९,२७२।७३(बत्तिस लाख उननतिस हजार दुई सय बहत्तर रुपैयाँ त्रिहत्तर पैसा) मध्ये रु. रु.१९,८६,५७५।-(उन्नाइस लाख छयासी हजार पाँच सय पचहत्तर)रुपैया अनुसन्धानको क्रममा दाखिल गरेको देखिंदा कामै नभएको अवस्थामा वढी काम देखाई वढी भुक्तानी गरेको तथ्यलाई प्रतिवादीहरुले स्विकार गरेकै देखिन आयो।बढी भुक्तानी दिएको रकम मध्ये रु.१२,४२,६९७।७३(बाह्र लाख बयालिस हजार नौ सय सन्तानब्बे रुपैया त्रियत्तर पैसा)निज प्रतिवादीहरुले दाखील गरेको कुनै प्रमाण पेश गर्न सकेको अवस्था छैन र उक्त रकम बुझाउनु पर्ने होईन भनी प्रतिवादीहरुले वस्तुनिष्ठ प्रमाण सहित खण्डन गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपदफा (४) बमोजिम सजाय गरी पाउन र उल्लेखित रकम मध्ये रु.१९,८६,५७५।- (उन्नाइस लाख छयासी हजार पाँच सय पचहत्तर रुपैयाँ) प्रतिबादीहरुले सिटिजन्स बैंक ईन्टरनेसनल लि.मा मिति २०७८/०४/३१ गते जम्मा गरिसकेको देखिदा बाँकी रहेको बिगो रकम रु.१२,४२,६९७।७३(बाह्र लाख बयालिस हजार नौ सय सन्तानब्बे रुपैया त्रियत्तर पैसा) निज प्रतिवादीहरु प्रचण्ड विक्रम शाही, सुना कामी र टोप वहादुर शाही बाटै ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम जफत हुन मागदावी लिएको। | | सकेको अवस्था पनि प्रस्तुत मुद्दामा देखिदैन। प्रतिवादीहरुले तिर्नु बुझाउनुपर्ने पर्ने रकम रु.१२,४२,६९७।७३(बाह्र लाख बयालिस हजार नौ सय सन्तानब्बे रुपैया त्रियत्तर पैसा) को हकमा अदालत आफैले दैवीकप्रकोप, वाढी, पहिरोसमेतको अनुमान गरी कसुरवाट उन्मुक्ति दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण रहेकोले उक्त फैसला वदरभागी छ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदाललतवाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) मा :" भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन।अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो।प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायरा भित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित सिद्धान्तको आधारमा समेत उक्त फैसला त्रुटीपूर्ण भई वदरभागी रहेको । |